# सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको गौमुल गाउँपालिका, बाजुरासंग सम्बन्धित स्वतः प्रकाशन

# (Pro-active Disclosure)

**२०८० माघ १ गते देखि २०८० चैत्र मसान्तसम्म**

## १. गौमुल गाउँपालिका, बाजुराको स्वरुप र प्रकृतिः

गौमुल गाउँपालिकाको नाम धार्मिक तथा पर्यटकीय स्थल बुढिगंगा नदीको मुहान संग जोडिएको छ। साविकको दहकोट गाविस हुदै बाजुरा र अछाम जिल्ला भएर बग्ने वुढिनन्दा नदिको मुहान साविकको दहकोट गाविसमा रहेको जेठीवाहुरानी हिमालको फेदीबाट बग्दछ। उक्त मुहानबाट पानी निस्कदा गाईको मुख भित्रबाट निस्केको जस्तो देखिने आकृति भएकोले यस मुल लाई गाईको मुल अर्थात गौमुल भनिएको यो क्षेत्र पवित्र धार्मिक स्थलको रुपमा प्राचिन काल देखि विश्वास गरिदै आएको स्थान भएको र वुढिगंगा नदिले हालको गौमुल गाउपालिकाको प्राय धेरै जसो स्थानलाई आफ्नो वहाव क्षेत्र वनाएकोले उक्त धार्मिक तथा पर्यटकीय क्षेत्रको नामबाट यस गाउपालिकाको नामाकरण गरिएको पाईन्छ। बाजुरा जिल्लामा रहेका ९ वटा स्थानीय तहहरु मध्ये गौमुल गाउँपालिका दुर्गम र भौगोलिक रुपमा विकट गाउँपालिका हो। यस गाउँपालिकाको सिमाना पूर्वमा बुढिनन्दा नगरपालिका, पश्चिममा बझागं जिल्ला, हिमाली गाउपालिका र बझागं जिल्ला र दक्षिणमा बडिमालिका नगरपालिका र छेडेदह गाउँपालिका सँग जोडिएको छ।

यो गाउँपालिका समुद्री सतह देखि १३६० मिटर देखि ५४४० मि. सम्म फैलिएको छ। यस गाउँपालिकाको अधिकाँश भूभाग उच्च पहाडी र हिमाली क्षेत्र भित्र पर्दछ। यो गाउपालिका ५२८४३१.५६७६९९ मि पश्चिमी देशान्तर देखि ५५५६६३.८७७३९५ मि.पूर्वी देशान्तर सम्म फैलिएको छ भने ३२८५५२८.४९९८७१ मि उत्तर देखि ३२८५५२८.२४६६५२ मि दक्षिणी अक्षाँश सम्म फैलिएको छ। ३१४.६६ वर्ग किलो मिटरमा क्षेत्रफलमा यो गाउँपालिका फैलिएको छ। यस गाउँपालिकाको अधिकाँश भुभाग उच्च पहाडी र हिमाली क्षेत्रमा पर्दछ।

यस गाउँपालिकाको अधिकाँश क्षेत्र भिरालो तथा चट्टानी भुभागमा रहेको छ। यस गाउँपालिकामा वनजंगलले ३७ प्रतिशत भुभाग ओगटेको छ। घासे भुभाग २३.९२ प्रतिशत, वुट्यान १९ प्रतिशत र बाँझो उजाड भुभागले पनि १२.६२ प्रतिशत ओगटेको छ।

## २. गौमुल गाउँ कार्यपालिका, बाजुराको काम, कर्तव्य र अधिकारः

(क) गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची–८ मा उल्लेख भए बमोजिम हुनेछ।
(ख) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,
(२) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(४) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,
(५) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,
(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,
(७) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
(८) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना,

(९) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,
(१०)छाडा पशु चौपायाको नियन्त्रण,
(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(१२) कार्यपालिकाले तोकेको अन्य कार्य,
(१३) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
(१४) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
(१५) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
(१६) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(१७) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्ढलन र व्यवस्थापन,
(१८) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
(१९) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,
(२०) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,
(२१) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन
(२२) सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन
(२३) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,
(२४) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,
(२५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(२६) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
(२७) मालपोत सकंलन,
(२८) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य,
(२९) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,
(३०) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,
(३१) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
(३२) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,
(३३)गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
(३४) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
(३५) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(३६) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,
(३७) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(३८) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन।

(३९) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,
(४०) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(४१) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,
(४२) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
(४३) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
(४४) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
(४५) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,
(४६) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,
(४७) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(४८) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,
(४९) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
(५०) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,
(५१) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन,
(५२) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
(५३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,
(५४) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्ढ सङ्ढलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
(५५) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सकंलन तथा सूचना व्यवस्थापन,
(५६) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
(५७) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
(५८) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण ।

**३. गौमुल गाउँपालिका, बाजुराको स्वीकृत दरबन्दी विवरण र कार्यविवरणः**

| क्र.स. | पद | सेवा/समुह | दरबन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | सामान्य प्रशासन | १ | ० | |
| २ | प्रशासन अधिकृत | सामान्य प्रशासन | २ | १ | |
| ३ | लेखा अधिकृत | लेखा | १ | ० | |
| ४ | ईन्जिनियर | ईन्जिनियरिङ्ग | १ | १ | |
| ५ | शिक्षा अधिकृत | शिक्षा | १ | ० | |
| ६ | लेखापाल | लेखा | १ | १ | |
| ६ | आन्तरिक लेखा परिक्षक | लेखा | १ | १ | |
| ७ | प्रशासन सहायक पाँचौ | सामान्य प्रशासन | ६ | २ | |
| ८ | कम्प्युटर अपरेटर | विविधि | १ | १ | |
| ९ | लेखा सहायक | लेखा | १ | ० | |
| १० | प्राविधिक सहायक | शिक्षा | १ | १ | |
| ११ | प्रशासन सहायक चौथो | सामान्य प्रशासन | ६ | ३ | २ अस्थायी करार |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सव ईन्जिनियर | सिभिल | ३ | १ | करार |
| १३ | अ.स.ई. | सिभिल | ५ | ५ | करार |
| स्वास्थ्य | | | | | |
| १४ | हे.अ. | स्वास्थ्य | १ | १ | |
| १५ | सि.अ.न.मि. | नर्सिङ्ग | १ | १ | |
| १६ | सहायक महिला निरिक्षक | विविध | १ | ० | |
| १७ | खापासटे | सिभिल | १ | १ | |
| कृषि | | | | | |
| १८ | कृषि विकास अधिकृत | नेपाल कृषि सेवा | १ | ० | |
| १९ | कृषि प्राविधिक पाँचौ | नेपाल कृषि सेवा | २ | १ | करार |
| २० | सहायक चौथो | नेपाल कृषि सेवा | १ | १ | करार |
| पशु सेवा | | | | | |
| २१ | पशु स्वास्थ्य अधिकृत | नेपाल कृषि सेवा | १ | ० | |
| २१ | पशु स्वास्थ्य प्राविधिक पाँचौ | नेपाल कृषि सेवा | २ | ० | |
| २३ | ना.प्र.स्वा.प्राविधिक चौथो | नेपाल कृषि सेवा | २ | १ | करार |

**४. गौमुल गाउँपालिका, बाजुरामा रहेका शाखा र जिम्मेवार अधिकारीः**

| क्र.सं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं. |
|---|---|---|---|
| १ | पूर्वाधार विकास शाखा | धर्म बहादुर खडायत | ९८६०६८००६७ |
| २ | आर्थिक प्रशासन शाखा | भोजराज भट्ट | |
| ३ | प्रशासन शाखा | गणेश रोकाया | ९८६५७५२२२२ |
| ४ | स्वास्थ्य शाखा | हरिश चन्द वि क | ९८४८८२८३५१ |
| ५ | कृषि शाखा | प्रेम बोहरा | |
| ६ | पशु सेवा शाखा | लोकेन्द्र रोकाया | |
| ७ | युवा खेलकुद तथा शिक्षा शाखा | राम नाथ | ९८६८५७७५४० |
| ८ | रोजगार सेवा केन्द्र। महिला विकास शाखा | सिर्जना विष्ट रोकाया | ९८४८४८०७२२ |
| ९ | पञ्जिकरण शाखा | बहादुर बोहरा | |
| १० | विपद् व्यवस्थापन शाखा | रण वि क | |

५. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** प्रचलित कानून बमोजिम।

६. **सम्पादन गरेको कामको विवरणः (२०७९ कार्तिक देखि पौष मसान्त सम्मको)**

➢ **कृषि/पशु तर्फ**

- गाउँपालिका भरिका विभिन्न क्षेत्रको हावापानी प्राविधिक सम्भाव्यताको अध्ययन पश्चात कृषकहरुलाई फलफुल (स्याउ, ओखर, किवि) मा आत्म निर्भर बनाउन हिउदे फलफुल विरुवाको माग संकलन गरि 15 हजार फलफुल विरुवामा माग गरि कृषकहरुलाई खाडल खन्ने काम सम्पन्न भएको छ।
- गौमुल गाउँपालिकामा उत्पादन भएको मुख्य बाली सिमि, धान, कोदो, आदी बालिको क्रप कटिंग गरि क्रमशः 2.5, 4, र 3.5 मे.टन/हे. उत्पादन भएको छ।(प्रथम चौमासिक अनुसार)
- कृषकको क्षेमता विकाशका लागि पटक पटक समुह छलफल अनुगमन, मुल्यांकन गरी सफल कृषकहरुलाई विभिन्न जिल्ला तथा क्षेत्र स्तरका तालिममा सहभागि गराउने कार्य नियमित भईरहेको छ।

- पालिका भरिका कृषकहरुका लागि गहुँको बीउ परिवर्तन गर्नका लागि 80 क्विन्ट गहुको विउ वितरण गरिएको छ ।
- पालिका भरिका कृषकको सहभागितामा वृहत कृषि तथा खाद्य मेला प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ।
- दलहन बालीको क्षेत्र विस्तर र तेलहन बालीको उत्पादनका लागि मुसुर 10 क्विन्टल र तोरी 150 केजि, 15 केजि प्याजको  विउ वितरण गरिएको छ।
- गौमुल गाउँपालिका १ अन्द्राडिमा उत्पादन भएको 500 केजि स्याउ र गौमुल वडा नं 4 मा उत्पादन भएको 100 क्विन्टल सुन्तला बजारिकरणका लागि कृषि ज्ञान केन्द्रको आर्थिक समन्वयमा ढुवानी गरि मार्तडि तथा आसपासका बजार क्षेत्रका उपभोक्ताहरु सम्म पुर्याईएको छ।
- रैथाने बालि अन्तरगत जौ र फापरको क्षेत्र विस्तारको लागि १० क्विन्टल फापर र २० क्विन्टल जौ को विउ गौमुल १ र २ का किसानहरुलाई वितरण गरिएको छ।
- प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना अन्तरगत फलफुलको थप नया पकेट विस्तारको लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ। (गौमुल ५)
- कृषकहरुलाई आवश्यक पर्ने हिउदे तरकारीको विउ ८५ प्रतिशत अनुदानमा वितरण गरिएको छ।
- दिवा खाजामा थप पोषण स्थापित गरि बालबालिकालाई कुपोषणबाट जोगाउनका लागि गौमुलका ६ वटा आधारभुत तहका विद्यालयहरुमा दिवा खाजा अन्तरगत रैथाने बालिका परिकारहरुको खाजा खुवाउने गरेको छ।
- जौ तथा सिमि ढुवानी र प्रशोधनका कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान गरएको छ।
- मिति २०७९ असोज ३१ गते परेको असिनापानीले गौमुल ३ मा गरेको कृषि जन्य बालिनालिमा क्षेतिको अनुगमन गरि करिव १४ लाख बराबरको क्षेति भएको छ। र सोको जानकारी सम्वन्धित सरोकारवाला निकाय समक्ष पेश गरिसकेको छ।
- मसला खेतीप्रर्वद्धन गर्न प्रत्येक वडामाका टोलहरुमा कृषक समुहमार्फत अलैची, अदुवा, खुर्सानी आदीमसला बालीको व्यावसायिक खेतीको सुरुवात गरिनु का साथै उत्पादन पश्चात सिर्जना मसाल उद्योग मार्फत प्रशोधनको कार्य निरन्तर गरिएको छ।
- सिमि तथा जौ बालीको उत्पादनको क्षेत्र विस्तार गरि सिमि ८० क्विन्टल र जौ ७५ क्विन्टल बजारिकरणको लागि ढुवानी अनुदान र जौ प्रशोधन केन्द्र मार्फत आन्तरिक बजार तथा बाह्य बजारमा बिक्रि वितरण गरिएको छ।
- कृषकले उत्पादन गरेको खाद्यन्न बालीको विउ सुरक्षित राख्न समुदाय स्तरमा सिडविन तथा सुपरग्रिन ब्यागको सार्वजनिक सुचना मार्फत माग संकलन गरि २०० वटा १०० केजि भण्डार क्षमताका सिडविनको अडर भई वितरण कार्य नियमित रहेको छ।
- कृषकको क्षेमता विकाशका लागि पटक पटक समुह छलफल अनुगमन, मुल्यांकन गरी सफल कृषकहरुलाई विभिन्न जिल्ला तथा क्षेत्र स्तरका तालिममा सहभागि गराउने कार्य नियमित भईरहेको छ।
- कृषकका साझा समस्या समाधान गर्न बाली संरक्षण सेवा, प्राविधिक सेवा, क्षेमता विकाश तालिम, गोष्ठी आदी कार्यक्रमहरु आवश्यकता अनुसार निरन्तररुपमा संचालन हुदै आएका छन।
- गाउँपालिका भित्र समुदाय स्तरमा संचालन हुने विभिन्न कृषि क्षेत्रका क्रियाकलाप तथा सन्देशमुलक सुचना तथा जानकारी रेडियो तथा विभिन्न संचारमाध्याम द्धारा प्रकाशन प्रशारण गर्दै आएको छ।

- ६ वटै वडाका पशुपालक कृषकहरुका लागि पशु स्वास्थ्यमा देखा पर्न सक्ने समस्या समाधानका लागि गौमुल ४ निलासैन, गौमुल २ दहकोट र गौमुल गाउँपालिकाको कार्यालयबाट पशु स्वास्थ्य सेवा तथा औषधि उपलब्ध गराउदै आएको छ।
- भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा पालिकाका ६ वटै वडामा पशु स्वास्थ्य शिविर संचालन गरिएको छ।
  भेटेरिनरि अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा भेडा बाख्रामा देखा पर्ने पि पि आर रोगको संक्रमण रोक्न करिव 7500 भेडा बाख्रालाई पि.पि.आर खोप लगाईको छ।

➢ **स्वास्थ्य तर्फ**

- मासिक रुपमा स्वास्थ्य संस्थाहरुको बैठक तथा समिक्षा।
- खोपको सुक्ष्म कार्ययोजना गोष्ठी संचालन।
- क्षयरोग सम्बन्धि समिक्षा।
- स्वास्थ्य शिविर संचालन।
- औषधि खरिद तथा व्यवस्थापन।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई स्टेचर वितरण।
- तथ्याङ्क संकलन तथा समिक्षा।
- स्वास्थ्य स्वयमसेविकाहरु परिवर्तन भएका कारण स्वास्थ्य स्वयमसेविकाहरुलाई आभारभुत तालिम।
- पालिकाबाट निरन्तर रुपमा सेवा प्रभाव र तालिम संचालन।

➢ **पूर्वाधार तथा योजना शाखा**

- **गौमुल गाउँपालिकाले आ व २०८०।८१ मा संचालन भएका योजनाहरुको माघ देखि चैत्र मसान्त सम्मको प्रगति विवरण:**

| क्र स | योजनाको नाम | कार्य प्रगति | कैफियत |
|---|---|---|---|
| १ | सत्य आ वि भवन निर्माण | निर्माणाधिन ५५% कार्य सम्पन्न | |
| २ | किर्तिचौर मा वि छात्रावास भवन निर्माण | निर्माणाधिन ७०% कार्य सम्पन्न | |
| ३ | घटाल आ वि भवन निर्माण | निर्माणाधिन ४५% कार्य सम्पन्न | |
| ४ | गौमुल फनपार्क निर्माण | निर्माणाधिन ७०% कार्य सम्पन्न | |
| ५ | १० शैया अस्पताल निर्माण | निर्माणाधिन ९०% कार्य सम्पन्न | |
| ६ | माझपाली झो पु | निर्माण कार्य सम्पन्न | |
| ७ | मानाकोट मा वि भवन निर्माण | निर्माण कार्य सम्पन्न | |

➢ **पञ्जिकरण शाखा**

- **सामाजिक सुरक्षा वितरणा कार्तिक देखी पौष मसान्त सम्म**

| वडा नं | जेष्ठ नागिरक भत्ता | जेष्ठ नागिरक भत्ता दलित | जेष्ठ नागिरक भत्ता एक्कल महिला | जम्मा |
|---|---|---|---|---|

| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८५ | १०२००००। | ४ | ३१९२०। | १५ | ११९७००। | **१०४** | **११७१६२०।** |
| २ | ८३ | ९९६०००। | ८ | ६३८४०। | ३६ | २८७२८०। | **१२७** | **१३४७१२०।** |
| ३ | ७६ | ९१२०००। | २ | १५९६०। | २३ | १७२९००। | **१०१** | **११००८६०।** |
| ४ | ४४ | ५११६०० | १७ | १३५६६०। | १६ | १२७६८० | **७७** | **७७४९४०।** |
| ५ | ६४ | ७६८०००। | १ | ७९८०। | २३ | १८३५४० | **८८** | **९५९५२०।** |
| ६ | ६१ | ७३२००० | ५ | ३९९००। | १४ | ११९७२० | **८०** | **८८३६२०।** |
| | **४१३** | **४९३९६०००** | **३७** | **२९६२६०।** | **१२७** | **१००२८२०** | **५७७** | **६२३७६८०।** |

- **अपांगता सहायता भत्ता विरतरण कार्तिक देखी पौष मसान्त सम्म २०७९**

| वडा नं | क बर्ग | | ख बर्ग आर्थिक सहायता | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | ५ | ५९८५०। | ६ | ३८३०४। | **११** | **९८१५४** |
| २ | ७ | ८३७९०। | ६ | ३८३०४। | **१३** | **१२२०९४** |
| ३ | ६ | ६३८४०। | ५ | ३१९२०। | **११** | **९५७६०** |
| ४ | ६ | ७१८२०। | ४ | २१२८०। | **१०** | **९३१००** |
| ५ | ३ | ३५९१०। | ३ | १९१५२। | **६** | **५५०६२** |
| ६ | २ | २३९४०। | २ | १२७६८ | **२** | **३६७०८** |
| | **२९** | **३३९१५०** | **२६** | **१६१७२८** | **५५** | **५००८७८** |

- **पोषण भत्ता  वितरण कार्तिक देखी पौष मसान्त सम्म २०७९**

| वडा नं | क्षेत्र तोकीएका वालबालिका | | दलित बालबिलका | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | ११८ | १८३९६१। | १७ | २७१३२। | **१३५** | **२११०९३** |
| २ | १४७ | २२१७५८। | ३५ | ५२७७४। | **१८२** | **२७४५३२** |
| ३ | १३७ | २०९००६। | १२ | १७७८७। | **१४९** | **२२६७९३** |
| ४ | १०५ | १५९९०९। | ९९ | १४७७३६। | **२०४** | **३०७६४५** |
| ५ | १६५ | २५३०११। | ६ | ९५७६। | **१७१** | **२६२५८७** |
| ६ | १५४ | २३५४७५। | ४९ | ७५४७१ | **२०३** | **३१०९४६** |
| | **८२६** | **१२६३१२०।** | **२१८** | **३३०४७६** | **१०४४** | **१५९३५९६** |

- **वडागत सा. सु .वितरण**

| वडा नं १ | | वडा नं २ | | वडा नं ३ | | वडा नं ४ | | वडा नं ५ | | वडा नं ६ | | कुल जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| २६१ | १६३२४८७ | ३३७ | १८६३४४६ | २७३ | १५११९७३ | २११ | १२३१५२५ | २७२ | १३३३०२१ | २१८ | १३११०५४ | १७४८ | ८१०६७१४ |

➢ **रोजगार सेवा केन्द्र र महिला विकास शाखा**

- एकिकृत वस्तुस्थिति विवरण संकलन ।

- योजनाहरुको छनौट।
- योजनाहरुको प्राथमिकरण सुचि तयार।
- १२ वटा योजनाहरु संचालनमा रहेको।
- १६ दिने लैङ्गिक हिंसा विरुद्वको अभियान सम्पन्न।
- ३ दिने महिला सशक्तिकरण सम्बन्धि प्रशिक्षण।
- वडा स्तरिय महिला अधिकार मञ्च गठन।
- पालिका स्तरिय महिला अधिकार मञ्च गठन गर्ने प्रक्रियामा।

➢ **शिक्षा युवा तथा खेलकुद शाखाः**

| क्र.स. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | वित्तीय लक्ष्य | वित्तीय प्रगति | वित्तीय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | 1.1.३.३ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ४६७८९००० | २५६७६०९३ | 54.87634487 | |
| २ | 1.1.३.४ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | १४६१४०००० | ७२५०५८९ | 49.61399343 | |
| | 1.1.४.१ | प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ७६४०००० | ३०१५००० | 39.46335079 | |
| ३ | २.७.१३.५० | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | १४९४००० | | 0 | |
| ४ | २.४.६.१ | सार्वजनिक विद्यालयमा विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | १७६८००० | | 0 | |
| ५ | ७.२.१.१ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय र गैरआवासीय) | ७६५००० | | 0 | |
| ६ | २.७.१३.१० | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १९१८००० | | 0 | |
| ७ | २.७.१३.११ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रमसमेत ) | ४००००० | | 0 | |
| ८ | २.७.११.१ | तोकिएका विद्यालर्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | 0 | 0 | | |
| ९ | ११.१.२.४४५ | केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ | ११००००००० | | 0 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | | | | |
| १० | २.७.१३.१३ | विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोतसाहन अनुदान | ८९००००० | 500000 | 5.617977528 | |
| ११ | २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | ९२७००० | | 0 | |
| १२ | २.७.१३.२१ | भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक र पाठ्यपुस्तक व्यवस्थापनका लागि अनुदान | ० | 0 | | |
| १३ | २.७.१३.४० | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४५५९००० | 1823520 | 39.99824523 | |
| १४ | २.७.१३.४१ | माध्यमिक तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ३६२००० | 181200 | 50.05524862 | |
| १५ | २.७.१३.४९ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षेतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४००००० | | 0 | |
| १६ | २.७.१३.५१ | संस्थागत क्षमता विकास, परीक्षा संचालन एवम् विद्यार्थी मूल्याङ्कन | ६१६००० | | 0 | |
| | | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (विशेष कार्यक्रम समेत) | | | | |
| जम्मा | | | १०२१५२००० | ३८४४६४०२ | ३७.६३६४६५२७ | |

**७. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

**क)** कार्यालय प्रमुखः

- नामः जगदिश प्रसाद भट्ट
- पदः प्रमुख प्रशासकीय अधिकृत

**ख) सूचना अधिकारीः**

- नामः हिमाल रोकाया
- पदः सुचना प्रविधि अधिकृत

**८. ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुको सूचीः**

- आर्थिक कार्यविधि कानुन २०७४
- शिक्षा ऐन २०७४
- कृषि ब्यवसाय प्रवर्द्धन ऐन २०७४

- स्थानिय सेवा करार ऐन २०७४
- सहकारी ऐन २०७४
- गैह्र सरकारी संस्था समन्वय सम्बन्धी ऐन २०७५
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५
- न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७५
- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५
- औधोगिक व्यवसय ऐन २०७६
- तथ्याक संकलन तथा अभिलेख व्यवस्थापन ऐन २०७६
- पूर्वाधार व्यवस्थापन ऐन २०७६
- प्रहरी ऐन २०७६
- स्वास्थ्य तथा सरसफाई ऐन २०७६
- नविकरणीय उर्जा निति २०७७
- वातावरण तथा प्राकृर्तिक स्रोत संरक्षण ऐन २०७८
- वन ऐन २०७८
- बैठक सञ्चालन कार्यविधि २०७४
- गाउँसभा सञ्चालन कार्यविधि २०७४
- कार्यसम्पादन नियमावली २०७४
- प्रमाणीकरण नियमावली २०७४
- छात्रबृति कोष निर्देशिका २०७४
- बजार अनुगमन निर्देशिका २०७४
- घुम्ति कोष सञ्चालन निर्देशिका २०७४
- एफ एम रेडियो सञ्चालन कार्यविधि २०७४
- न्यायीक समितिको कार्यसम्पादन नियमावली २०७४
- करार प्रविधिक कर्मचारी ब्यवस्थापन सम्बन्धी कार्यविधि २०७४
- मदिरा नियन्त्रण तथा ब्यवस्थापन कार्यविधि २०७५
- ब्यवसाय दर्ता तथा नविकरण निर्देशिका २०७५
- उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि २०७५
- आपतकालीन कार्यसञ्चालन विधि, २०७५
- जलश्रोत नियमावली २०७५
- स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५

- अपाङ्गता भएका ब्यक्तीको परिचय पत्र वितरण कार्यविधि, २०७५
- स्थानीय राजपत्रको प्रकाशन सम्बन्धी कार्यविधि २०७५
- शिक्षक समायोजन तगा दर्वन्दी मिलान कार्यविधि २०७५
- सार्वजनिक खरिद नियमावली २०७५
- आर्थिक सहायता कोष संचालन कार्यविधि २०७६
- सामुदायिक रेडियो एफ एम संचालन तथा प्रशारण नियमावलि २०७६
- बैठक तथा भ्रमण खर्च सम्वन्धि निर्देशिका २०७६
- जग्गा भाडामा लिने सम्वन्धि निर्देशिका
- गाउँपालिका स्तरिय खानेपानि योजना मर्मत सम्भार  नियमावलि २०७७
- गाउँपालिका स्तरिय खानेपानि सरसफाई तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७
- वालिशक्षा अनुमति तथा समायोजन कार्यिविधि
- रेडियो कार्य संचालन निर्देशिका २०७७
- लैगिक हिसां निवारण कोष संचालन कार्यविधि २०७७
- करारमा शिक्षक नियुक्ति सम्बन्धी निर्देशिका २०७७
- ऊर्जा बिकास उप– समिति  गठन तथा सञ्चालन कार्यविधी, २०७७
- अनुगमन तथा सुपरिवेक्षण समिति  कार्यविधी, २०७८
- बजेट तथा कार्यक्रम तर्जुमा समिति  कार्यविधी, २०७८
- राजश्व परामर्श समितिको कार्यसंचालन  कार्यविधी, २०७८ –
- वातावरणिय अध्ययन   कार्यविधी, २०७८
- डोजर संचालन  कार्यविधी, २०७८ –
- सामुदायिक विध्यालयको सामाजिक  र लेखा परिक्षण निर्देशिका २०७८

**९. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरणः**

आ.व.२०७९।८० कार्तिक देखि पौष मसान्त सम्मको खर्चको फाटवारी तथा आय-व्ययको विवरण यस पालिकाको वेवसाइट गई हेर्न सकिनेछ ।

**१०.वेभसाईटको विवरणः**

https://gaumulmun.gov.np

**११. प्राप्त गरेको बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः**

यस कार्यालयलाई कुनै बैदेशिक सहायता,ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त नभएको ।

१२.सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषयः

| सि.नं. | लिखित सूचना माग गर्ने व्यक्ति/ संस्थाको नाम र ठेगाना | सूचना माग गरेको बिषय | पाना संख्या | सूचना वापतको शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा भुषाल झा | अध्ययन | ४ | ० | |

**१३.सूचनाहरु अन्यन्त्र प्रकाशन भएका वा सो हुने भएको सो को विवरणः**

क) यस कार्यालयको फेसबुक पेज। वेभसाईट।